# चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ३** **संख्याः ६** **मितिः माघ २ गते, २०७७**

## भाग–२

## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०७७ सालको मापदण्ड नं. १

## चन्द्रागिरि नगरपालिकाको खर्च सम्बन्धी मापदण्ड, २०७७

**प्रस्तावनाः**

चन्द्रागिरि नगरपालिकाबाट गरिने सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न र नगरपालिकाद्वारा सञ्चालन हुने सबै किसिमका तालिम, गोष्ठी, सेमिनार, सम्मेलन, अवलोकन भ्रमण, कार्यशाला, बैठक आदि सञ्चालन सम्बन्धी (उपभोक्ता समिति, गैरसरकारी संघसंस्थाबाट सञ्चालन हुने समेत) खर्चको स्थानीय मापदण्ड बनाउन बाञ्छनीय भएकोले चन्द्रागिरि नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम नगरकार्यपालिकाको मिति २०७७/९/२८ मा बसेको बैठकले यो मापदण्ड स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद – १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो मापदण्डको नाम "चन्द्रागिरि नगरपालिकाको खर्च सम्बन्धी मापदण्ड, २०७७" रहेको छ । यो मापदण्ड मिति २०७७/०४/०१ देखि लागू हुनेछ ।

## परिच्छेद – २
## खर्च मापदण्ड

२. **सार्वजनिक खर्चमा मितव्ययिता ल्याउनुपर्ने** : (१) चन्द्रागिरि नगरपालिकामा सार्वजनिक खर्च गर्दा नेपाल सरकारबाट जारी मापदण्डलाई पालना गर्नुपर्नेछ ।

(२) नगरपालिकाको स्थानीय आवश्यकता अनुसार खर्च गर्दा मितव्ययितालाई ध्यान दिनुपर्नेछ ।

(३) वडा समिति र विषयगत समितिको बैठकको हकमा महिनामा बढीमा तीनवटा बैठकको मात्र बैठकभत्ता भुक्तानी दिन सकिनेछ ।

(४) कार्यालय समयमा कर्मचारीमात्र सहभागी भएको बैठकको भत्ता पाउनेछैन ।

(५) स्टाफ बैठकको भत्ता पाउनेछैन ।

(६) गाडी सुविधा वा इन्धनखर्च लिएको हकमा यातायात खर्च पाउनेछैन ।

३. **स्थानीय भत्ता सुरु तलब स्केलको २५ प्रतिशतभन्दा बढी हुनेछैन ।**

४. **प्रस्तुत कर्ता पारिश्रमिक (गोष्ठी, तालिम, सेमिनार, सम्मेलनको)**

क) कार्यपत्र वापत रू. २०००/-

ख) प्रवचन वापत रू. १५००/-

५. **सीप विकास तालिम**

क) कार्यपत्र रू. १०००/-

ख) कक्षा सञ्चालन रू. १०००/-
(बाहिरी श्रोत व्यक्तिको हकमा
३० कार्यदिन सम्म)

६. **बैठक भत्ता**

क) प्रति बैठक रू. १५००/-

ख) कार्यालय समयमा भएको बैठकको हकमा कर्मचारीले भत्ता नपाउने ।

७. **मसलन्द खर्च**

क) ७ दिन सम्मको लागि रू. १२०/- प्रति सहभागी

ख) ७ दिन भन्दा बढी अवधिको सीप विकास वा अन्य तालिमको लागि रु ५०। थप (प्रति सहभागी)

ग) प्रशिक्षण कार्यको मसलन्द रू. २०००/-

घ) ३० कार्यदिन सम्मको मसलन्द रू. ३०००/-

ङ) अवलोकन भ्रमण आदिको लागि जतिसुकै दिन भए पनि प्रति सहभागी रू.५०/-

८. **संयोजन भत्ता**

क) १५ कार्यदिन सम्म प्रतिदिन रू. ६००/-

ख) १५ दिन भन्दा पछि प्रतिदिन रू ३००/-

९. **सहयोगी भत्ता**

क) १५ कार्यदिन सम्म प्रतिदिन रू. २००/-

ख) १५ दिन भन्दा पछि प्रतिदिन रू. १००/-

**१०. खाना खाजा खर्च**

क) खाना, बस्न, बास खर्च दै.भ. नियमानुसार

**११. विविध खर्च (प्रमाणपत्र, पानी, सरसफाइ, तुल इत्यादि)**

क) ७ कार्यदिन सम्मको प्रति कार्यक्रम रू. २०००/-

ख) ७ कार्यदिन भन्दा बढी दिनको प्रति कार्यक्रम रू. ३०००/-

**१२. प्रशिक्षार्थी आवास खर्च**

क) दैनिक भत्ता नपाएको खण्डमा खाजा खाना खर्च उपलब्ध गराउने

**१३. तालिम सुविधा**

क) तालिम कक्षा भाडा, उपकरण भाडा आदिः प्रचलित बजार दर अनुसार

**१४. तालिम सामग्री**

क) कच्चा पदार्थ, नमूना, इन्धन, पोकावदीका सामान, सानातिना औजारः प्रचलित बजार दर अनुसार

**१५. बस्तुगत टेवा रू. ४०००/-**

नोटः बस्तुगत टेवा भन्नाले तालिमका सहभागीलाई प्राप्त सीप उपयोग कार्यमा अभिप्रेरित गर्न सहायता स्वरुप प्रदान गरिने बस्तु सम्झनुपर्नेछ। जस्तैः बाखाको माउ, मौरीको घार, पशुस्वास्थ्य किट जस्ता चीजबस्तु, साधन, उपकरण आदि। स्वीकृत कार्यक्रममा बस्तुगत टेवा प्रदान गर्ने गरी प्रष्ट व्यवस्था नभएकोमा बस्तुगत टेवा दिन मिल्दैन।

**१६. स्थलगत प्राविधिक परामर्शदाताको दैनिक भत्ता र भ्रमण तथा आवास खर्च**

क) नेपाल सरकारको कर्मचारीको भ्रमण खर्च नियमावली अनुसार

ख) अन्यः प्रति तालिम तथा कार्यक्रममा रू. ३०००/- मा नबढ्ने गरी वा द्वितीय तहको दर अनुसार भ्रमण खर्चमा जुन कम हुन्छ सोमा नबढ्ने गरी स्थलगत प्राविधिक परामर्श खर्च गर्न सकिनेछ।

**१७. प्रतिवेदनको पारिश्रमिक**

क) सम्मेलन, गोष्ठी र कार्यशाला १ दिनको कार्यक्रममा रू. १५००/-

ख) सम्मेलन, गोष्ठी र कार्यशाला १ दिन भन्दा बढी थप रू. ५००/-

ग) तालिमको लागि एकमुष्ठ रू. १५००/-

**१८. खाजा खर्च वापत प्रति सहभागी रू. २५०/-**

**१९. सहभागी भत्ता**

क) प्रशिक्षार्थी छनोट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम गोष्ठीको सहभागीहरुलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना गर्नुपर्नेछ ।

ख) तर कार्यक्रम स्वीकृत गर्दा नै भत्ता उपलब्ध गराउने भनी स्वीकृत भएको कार्यक्रममा निम्न अनुसार सहभागी भत्ता उपलब्ध गराउन सकिने ।

१) जिल्ला भित्र दैनिक खाना बस्न रू. ८००/-

**२०. अध्ययन, अवलोकन भ्रमण खर्च**

क) काठमाडौं उपत्यका भित्र र बास नबस्ने गरी बाहिर जिल्लामा समेत हुने एकदिने अवलोकन भ्रमणमा प्रति सहभागी खाना खर्च रू. ८००/- र खाजा खर्च रू. २५०/-

ख) उपत्यका बाहिरका जिल्लामा बास बस्ने गरी गरिने भ्रमण आदिको लागि खाना, खाजा, बास खर्च सबैको लागि प्रति सहभागी रू. २०००/- प्रतिदिन र फर्कने दिनको लागि रू. १०००/- मात्र उपलब्ध गराइने

ग) यातायात खर्च सार्वजनिक भाडा दर बमोजिम र रिजर्भ लिनु परेमा प्रचलित दरभाउ बमोजिम हुने ।

**२१. विविध खर्च**

क) पानी, ब्यानर, औषधि इत्यादिको लागि एक दिने भ्रमण (बास नबस्ने गरी) को लागि भ्रमणमा सहभागी संख्या हेरी बढीमा एक मुष्ठ रु ५०००/-

ख) एक दिन भन्दा बढीको बास बस्ने गरी गरिने भ्रमणको लागि सहभागी संख्या हेरी बढीमा रू. १००००/- सम्म

ग) यातायात खर्चः सहभागीहरु नगरभित्र सार्वजनिक यातायातबाट आवतजावत गर्नुपर्ने भएमा रू. १००/–

घ) भ्रमणमा सहभागीहरुलाई छाता, जुत्ता, गम्छा, रुमाल, ब्रस, मञ्जन, झोला जस्ता सामग्री वितरण गर्न पाइनेछैन ।

**२२. माथि उल्लेखित बाहेकका विशेष प्रकारका तालिम, सभा, गोष्ठी इत्यादि होटल वा रिसोर्टमा सञ्चालन गर्नुपर्ने भएमा सम्बन्धित होटल वा रिसोर्टसँग वार्ताको माध्यमबाट एकतह माथिको स्वीकृति लिई गर्न सकिनेछ ।**

**२३. कार्यालयको कामको सिलसिलामा साँझबिहान बसी कामकाज गर्न परेको अवस्थामा खानाखर्च वापत रू. ६००/-**

**२४. कार्यालयका विभिन्न आयोजना तथा कार्यक्रमहरु अनुगमन गर्न जाँदा यातायात वापत जातेआते गरी रू. १२००/-**

**२५. कार्यालयको कामको सिलसिलामा र भ्रमणमा जाँदा आतेजातेवापत ट्याक्सी भाडा एकतर्फी रू. ६००/-**

## परिच्छेद – ३
## विविध

**२६. यस मापदण्डमा उल्लेख नभएको विषयमा नेपाल सरकार अर्थ मन्त्रालयको मापदण्ड बमोजिम हुनेछ ।**

**२७. यस मापदण्डमा कार्यपालिकाले समयसमयमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।**

प्रमाणीकरण: २०७७/१०/०२ गते

मूल्य रू. ५/-

आज्ञाले

राजेन्द्र कार्की

प्रमुख प्रशासकीय अधिकृत

τ